आज मिति २०८१।०४।१५ गते (ने.सं. ११४४ दिल्लागा दशमी) मंगलबारका दिन विहानको १०:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८१/८२ को दोस्रो बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो। तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| अमृत सुवेदी | सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| भिम बहादुर सेर्पुजा | का.वा. वडाध्यक्ष ( वडा नं ४)- आमन्त्रित सदस्य | |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| १. रमेश थापा | सूचना प्रविधि अधिकृत | |
| | | |
| | | |

अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर, म्याग्दी

गण्डकी प्रदेश, नेपाल ।

कार्यपालिका बैठक मिति : २०८१।०४।१५ गते

समय : विहान १०:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८१।०४।११ गते

## मिति २०८१।०४।१५ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु

प्रस्ताव नं १ पूर्व निर्णयको समीक्षा सम्बन्धमा,
प्रस्ताव नं २ भुक्तानी बाँकी दायित्व सम्बन्धमा,
प्रस्ताव नं ३ विपद् व्यवस्थापन सम्बन्धमा,
प्रस्ताव नं ४ वार्षिक खरिद योजना सम्बन्धमा,
प्रस्ताव नं ५ मन्त्रालयबाट प्राप्त परिपत्र सम्बन्धमा,
प्रस्ताव नं ६ प्रभा मा.वि. को बजेट व्यवस्थाका लागि अनुरोध गर्ने सम्बन्धमा,
प्रस्ताव नं ७ उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना अन्तर्गत प्रस्ताव पेश गर्ने सम्बन्धमा,
प्रस्ताव नं ८ मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धमा,
प्रस्ताव नं ९ कर्मचारी करार नियुक्ती सम्बन्धमा,
प्रस्ताव नं १० उद्यम विकास शाखाको कार्य योजना स्वीकृत गर्ने सम्बन्धमा,
विविध

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

निर्णय नं. १

प्रस्ताव नं १ उपर छलफल  गर्दा कार्यपालिकाले गरेका निर्णयहरु कार्यान्वयन भएको पाईयो। सबै शाखाहरु र वडाहरुको प्रगती आगामी बैठकमा समीक्षा गर्ने ।

निर्णय नं २

प्रस्ताव नं २ उपर छलफल गर्दा आ.व. २०८१।८२ को भुक्तानी गर्न दायित्व रहेको तपसिलका व्यक्ति तथा फर्महरुलाई चालु आ.व.मा दायित्व सारेर मिल्ने शीर्षकबाट भुक्तानी दिने ।

तपसिल

| सि नं | दायित्व सार्नुपर्ने भुक्तानीको विवरण | रकम | कारण |
|---|---|---|---|
| १ | ना.ला. कोष र विमा वापतको रकम(गा पा तर्फका स्थायी र निजामति कर्मचारी) | २७०९०० | शुत्रमा कट्टी भएको तर बैंक दाखिला नभएकोले यस रकमलाई पुन चालु खर्चखातामा आम्दानी बाँधिएको |
| २ | ना.ला. कोष र विमा वापतको रकम(शसर्त तर्फबाट तलब भुक्तानी हुने स्वास्थ्यकर्मी) | ३०३२०० | शुत्रमा कट्टी भएको तर बैंक दाखिला नभएकोले यस रकमलाई पुन चालु खर्चखातामा आम्दानी बाँधिएको |
| ३ | कालिगण्डकी छापाखाना | ५९५१४८ | यस कार्यालयमा आवश्यक पर्ने मसलान्द समाग्री खरिद प्रक्रिया पुरा गरी PAMS मा इन्ट्री भई आर्थिक प्रशासन शाखामा पेश भएको तर समय अभावको कारण भुक्तानी हुन नसकेको |
| ४ | समिर थापा | ३२१९ | शुत्रबाट भुक्तानी भएको तर बैंक खाता नं नमिलेकोले बैंकमा ट्रान्सफर नभएको |
| ५ | कामना न्यूज पब्लिकेशन | ९८५० | शुत्रबाट भुक्तानी भएको तर बैंक खाता नं नमिलेकोले बैंकमा ट्रान्सफर नभएको |

| | | | |
|---|---|---|---|
| ६ | रुप्से दैनिक | २२२६१ | शुत्रबाट भुक्तानी भएको तर बैंक खाता नं नमिलेकोले बैंकमा ट्रान्सफर नभएको |
| ७ | धर्मनारायण इन्टरप्राईजेज | ३९३९१ | खोपरा पर्यटन पूर्वाधार (साझेदारी) तर्फको कार्यक्रममा खरिद भएको तर भुलवस भुक्तानी नभएको |
| ८ | कालिगण्डकी आयल सप्लायर्स प्रा लि | १५९०० | शुत्रबाट भुक्तानी भएको तर बैंक खाता नं नमिलेकोले बैंकमा ट्रान्सफर नभएको |
| जम्मा | | १२५९८६९ | |

**निर्णय नं ३**

प्रस्ताव नं ३ उपर छलफल गर्दा विपद व्यवस्थापन सम्बन्धमा तपसिल बमोजिम गर्ने ।

तपसिल :

१) वडा नं ७ हिस्तानमा विपदको कारणले भएको मोटरबाटोको क्षेतीको प्राविधिक ल.ई. बमोजिम कोटेशन बाट मर्मतसम्भारको कार्य गर्ने र मोटरबाटो मर्मत सम्भार कोषबाट भुक्तानी गर्ने ।

२) वडा नं ८ राम्चेको च.न. २०, मिति २०८१।०४।१३ को अवरुद्ध मोटरबाटो खोल्ने सम्बन्धी पत्रानुसार यस बर्षको मनसुन तथा अविरल बर्षाको कारणले पहिरो गई छहरेखोला लगायत विभिन्न ठाउमा मोटरबाटो अवरुद्ध भएकाले प्राविधिक ल.ई बमोजिम कोटेशन बाट गर्ने ।

३) वडा नं १ दोवा जाने सडक प्राविधिक ल.ई बमोजिम अमानतबाट गर्ने ।

४) वडा नं ६ को हल्लेखर्कको पहिरो सम्बन्धमा स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय पोखरालाई पत्राचार गर्ने ।

५) मनसुन जन्य विपदको कारणले विभिन्न व्यक्तिहरुले दिनुभएको निवेदन, प्रहरी मुजुल्का, घर, वडा कार्यालयको सिफारिस अनुसार तपसिलको व्यक्तिहरुलाई दिइने रकमलाई अनुमोदन गर्ने ।

| क्र.स. | लाभग्राहीको नाम | लाभग्राहीको ठेगाना | राहत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | नन्द बहादुर पुन | अन्नपूर्ण-१ दोवा | २५,०००/- | |
| २ | लले पूर्जा | अन्नपूर्ण-१ दोवा | ३७,५००/- | |

| | | | | |
|---|---|---|---|---|
| ३ | अमृत गर्बुजा | अन्नपूर्ण-१ दोवा | २५,०००/- | |
| ४ | न बहादुर पुर्जा | अन्नपूर्ण-१ दोवा | १०,०००/- | |
| ५ | लाल माया वि.क. | अन्नपूर्ण-२, भु. तातोपानी | २५,०००/- | अल्पकालिन व्यवस्थापन |

निर्णय नं ४

प्रस्ताव नं ४ उपर छलफल गर्दा आ.व. २०८०/८१ को बार्षिक खरिद योजना स्वीकृत गर्ने । साथै खरिद योजनाको यथासक्य परिपालना गर्ने ।

निर्णय न ५

प्रस्ताव नं न ५ उपर छलफल गर्दा मन्त्रालयबाट प्राप्त तपसिलको परिपत्रको पालना गर्ने ।

१) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सूचना प्रविधि शाखा को प.स. २०८०/८१, चलानी नं ६४४, मिति २०८१ असार २४ गतेको पत्रको साथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.स. म.१०/०८०/८१ मिति २०८१।३।१२, च.न. ७३५६९ बाट लेखि आएको "सार्वजनिक खरिद ऐन,२०६३ को दफा ३१(४) र नियमावली,२०६४ को नियम ७१ को उपनियम ४ देहाय (क) बमोजिम गुणस्तर र लागत विधि अपनाई परामर्श सेवा खरिद गर्न प्रस्ताव छनौट गर्दा उक्त ऐन र नियमावलीमा उल्लिखित प्रावधानको सीमा भित्र रही विशिष्टिकृत योग्यता र क्षमता आवश्यक भएका विज्ञको सेवा लिनुपर्ने ठुला र जटिल प्रकृतिको पूर्वाधारको अध्ययनमा मात्र प्राविधिक प्रस्तावको अङ्कभार तोकिए बमोजिमको अधिकतम सीमा कायम गर्ने र त्यसरी प्राविधिक प्रस्तावको अङ्कभार अधिकतम सीमा सम्म कायम गर्दा सार्वजनिक निकायले सो कुराको स्पष्ट आधार र कारण उल्लेख गरेर मात्र व्यवस्था मिलाउने ।" सम्बन्धी सुझाव कार्यान्वयन गर्ने ।

२) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सूचना प्रविधि शाखाको प.स.२०८१।८१, चलानी नं ६५४, मिति २०८१ असार ५ गतेको सुझाव कार्यान्वयन सम्बन्धी पत्रका साथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८१।०२।३१ च.न. D3-८०८-७०३१६ को पत्रबाट लेखि आएको "सरकारी सार्वजनिक कार्यालय, समिति/संस्थाको कार्यकारी पदमा रहेका व्यक्ति सोही अवधिमा उस्तै प्रकृतिको कार्य गर्ने उद्धेश्य भएको गैरसरकारी संस्थाको पनि कार्यकारी पदमा रही सो गैरसरकारी संस्थालाई आफू कार्यरत कार्यालयबाट बजेट विनियोजन गरी कार्यक्रम संचालन

गर्ने लगायतका सहकार्य गर्दा/गराउँदा स्वार्थको द्वन्द्व हुने देखिएकाले यस्तो कार्य हुन नदिन आवश्यक व्यवस्था मिलाउने " सम्बन्धी सुझाव कार्यान्वयन गर्ने ।

३) नेपाल सरकार विज्ञापन बोर्ड, बबरमहल, काठमाण्डौ को प.स. ०८०/८१, च.न. ४३४, मिति २०८१।०३।०६ गते प्राप्त बाह्य विज्ञापन सम्बन्धी मापदण्ड कार्यान्वयन सम्बन्धी पत्रमा लेखि आएको "विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ४ मा सार्वजनिक स्थलबाट देखिने गरी होडिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न चाहने व्यक्तिले सम्बन्धित स्थानीय तहबाट अनुमतिपत्र लिनुपर्नेछ र होडिङ बोर्डबाट विज्ञापन गर्न चाहने व्यक्तिले अनुमतिपत्रको लागि सम्बन्धित स्थानीय तहको कार्यालयमा निवेदन दिनुपर्नेछ भन्ने व्यवस्था भएको । साथै उक्त दफाको उपदफा ६ मा होडिङ बोर्ड राख्ने अनुमतिपत्रको लागि दिने निवेदन, निवेदनका साथ संलग्न गर्नुपर्ने विवरण तथा कागजात,दस्तुर तथा अनुमतिपत्रको अवधि तथा तत्सम्बन्धि अन्य व्यवस्था स्थानीय तहको कानुन बमोजिम हुनेछ भन्ने व्यवस्था गर्ने " सम्बन्धी सुझाव कार्यान्वयन गर्ने ।

४) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सूचना प्रविधि शाखाको प.स.२०८१।८१, चलानी नं ६७०, मिति २०८१ असार १३ गतेको सुझाव कार्यान्वयन सम्बन्धी पत्रका साथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा नं. २ को प.स. २/भूमि/अनु/देवेन्द्र/०८०/८१, मिति २०८१।०३।१० च.न.७२७९४ को पत्रमा लेखि आएको "नेपाल सरकारको नाउँमा रहेको सरकारी वा सार्वजनिक जग्गामा स्थानीय तहहरु लगाय सरकारी निकायहरुले प्रचलित कानून अनुसार आफ्नो नाउँमा भोगाधिकार कायम नगदै सार्वजनिक संरचना निर्माण गर्ने कार्यको प्रक्रियाहरु थालनी नगर्न/नगराउन हुन तथा नेपाल सरकारको नाउँमा रहेको सरकारी वा सार्वजनिक जग्गाको उपभोग गर्ने प्रयोजनार्थ खरिद प्रक्रिया अगाडि बढाउनु पूर्व प्रचलित कानुनका अलवा अन्य नेपाल सरकारका प्रचलित कानूनको पूर्ण पालना गर्न/गराउन हुन " सम्बन्धी सुझाव कार्यान्वयन गर्ने ।

५) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह समन्वय शाखाको प.स.२०८१।८१, चलानी नं ५७२, मिति २०८१ असार १६ गतेको पत्रसाथ प्राप्त राष्ट्रिय सतर्कता केन्द्रको प.स. ०८०/८१ च.न. प्रा.३०/२६९४, मिति २०८१/०३/०५ को निर्देशन सम्बन्धी पत्रमा भएको व्यहोरा जानकारी भयो र सोही अनुसार कार्यान्वयन गर्ने।

६) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सुशासन प्रबर्द्धन शाखाको प.स. २०८१।८२, च.न. ११, मिति २०८१ श्रावण ४ गतेको सुझाव कार्यान्यवन सम्बन्धी पत्रका साथ संलग्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा नं ७ को प.स. ७/अनु/सन्तोष/२२७९९/०८०/८१ मिति २०८१।३।३१ च.न. ७८७७४ को पत्रमा लेखि आएको " नदीजन्य पदार्थ उत्खनन् एवम् संकलन सम्बन्धी कार्यलाई व्यवस्थित गर्ने सन्दर्भमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने तथा उक्त

प्रतिवेदनमा उत्खनन् क्षेत्रको Location Map हुने गरेको भएपनि उत्खनन् क्षेत्रको सर्भे नक्सा नहुने र उत्खनन् सकिसकेपछि केही स्थानमा गरिएको उत्खनन् को गहिराई नापजाँचबाट मात्र कति परिमाणको नदीजन्य पदार्थ उत्खनन् भयो भन्ने यकिन गर्न गाह्रो हुने हुनाले नदीजन्य पदार्थको विवेकपूर्ण प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन् तथा संकलन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न उत्खनन्, अनुमित प्रदान गर्दाको बखतमात्रै उत्खनन् क्षेत्रको सीमाना रेखाङ्कन गर्न लगाई उक्त सीमाना भित्र कमसेकम १०*१० मिटरको ग्रिडमा (अन्तर्राष्ट्रिय प्रचलन अनुसार) एउटा सर्भे डाटा हुने गरी उत्खनन् हुने क्षेत्रको सर्भे नक्सा तयार गरी उत्खनन् गरिसकेपछि पनि सो क्षेत्रको सर्भे गर्न लगाई उत्खन्न अघि र पछिको सर्भे नक्साबाट पनि उत्खनन् गरिएको नदीजन्य पदार्थको परिमाण एकिन गर्न लगाउन, नदीजन्य पदार्थ उत्खनन् को दैनिक अभिलेख राख्न लगाउन, नदिजन्य पदार्थ उत्खनन्/संकलन/बिक्रि कार्यको अनुगमन गर्नुपर्ने निकायबाट अनिवार्य अनुगमन प्रतिवेदन पेश गर्न लगाउन, सम्बन्धित निकायबाट प्रत्येक आ.व.मा अनिवार्य रुपमा क्रसर उद्योगमा रहेका ढुङ्गा, गिट्टी, बालुवा जस्ता सामग्री (अप्रशोधित, प्रशोधित, Waste Material) को मौज्दात प्रमाणित गर्न लगाउन, नदीजन्य पदार्थ उत्खनन् को अभिलेख राख्ने एवम् क्रसर उद्योगबाट निकासी भएको नदीजन्य पदार्थ तोकिएको परिणामभन्दा बढी उत्खनन् हुन नपाउने गरी सम्भव भएसम्म चेक प्वाइन्टहरुमा आधुनिक प्रविधि Closed Circuit Camera को प्रयोग गरी नगरानी समेत गर्न लगाउन" सम्बन्धी सुझाव कार्यान्वयन गर्ने।

निर्णय नं ६

प्रस्ताव नं ६ उपर छलफल गर्दा नेपाल सरकारको विशेष अनुदानको लागि आ.व. २०७९।८० र २०८०।८१ को लागि (२ बर्षको लागि) स्वीकृत प्रभा मा.वि.मा पूर्वाधार निर्माणको लागि गत आ.व.मा प्राप्त हुनु पर्ने तर प्राप्त नभएको रकम रु १,८४,१८,९०७/- यस आ.व.मा भुक्तानी गर्ने व्यवस्था मिलाइदिनुहुन राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयमा अनुरोध गर्ने ।

निर्णय नं ७

प्रस्ताव नं ७ उपर छलफल गर्दा उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना अन्तर्गत प्रस्ताव पेश गर्नको लागि वडाहरुमा प्रस्ताव माग गर्ने ।

निर्णय नं ८

प्रस्ताव नं ८ उपर छलफल गर्दा गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय बाट मिति २०८१।०४।१३ गते प्रथम पटक प्रकाशित अवधारणा पेश गर्ने सम्बन्धी सूचना अनुसार चालु आ.व. २०८१।८२ को मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयनको

लागि मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयनको कार्यविधि, २०८१ अनुसार आर्थिक विकासको लागि कृषि तथा पशु पन्छि प्रवर्द्धन रैथाने बाली संरक्षण सम्बन्धी प्रस्ताव पत्र तयार गरि पेश गर्ने । सो को कार्यान्वयनका लागि कार्यविधि अनुसार सूचना प्रविधि अधिकृत रमेश थापालाई सम्पर्क व्यक्ति तोक्ने । साथै उक्त परियोजना कार्यान्वयनको लागि आवश्यक पर्ने लागत साझेदारी रकम आगामी गाउँसभाको अधिवेशन बाट विनियोजन गर्ने ।

निर्णय नं ९

प्रस्ताव नं ९ उपर छलफल गर्दा तपसिलका गाउँपालिका भित्र रहेको तपसिलका स्वास्थ्य चौकीहरुको लागि निम्नानुसार विज्ञापन गर्ने ।

| क्र.स. | स्वास्थ्य संस्था | आवश्यक पद | तलब | कैफियत |
|---|---|---|---|---|
| १ | पाउद्वार सामुदायिक स्वास्थ्य इकाई | हे.अ. (सहायक पाँचौ) | नेपाल सरकारको नियमानुसार | |
| २ | भु-तातोपानी स्वास्थ्य चौकी | अ.हे.व. (सहायक चौथो) | नेपाल सरकारको नियमानुसार | |
| ३ | चित्रे सामुदायिक स्वास्थ्य इकाई | अ.न.मी( सहायक चौथो) | २०,०००/- | |

निर्णय नं १०

प्रस्ताव नं १० उपर छलफल गर्दा उद्यम विकास शाखाको तपसिल बमोजिमको कार्य योजना स्वीकृत गर्ने ।

निर्णय नं ११

विविध प्रस्ताव उपर तपसिल बमोजिम निर्णय गर्ने ।

क) रातोपानीको पुल नजिक संरचना बनिरहेको हुदा प्राविधिक पठाई बाटोको मापदण्ड एकिन गर्न लगाउने, मापदण्ड नपुगेकोमा संरचना बनाउने कार्य रोकिदिने ।

ख) गोपाल बरुवालले यस कार्यालयमा मिति २०८१।०३।१६ गते दर्ता गराउनु भएको क्षतिपूर्ति पाउँ भन्ने बारेको निवेदन उपर बृहत अध्ययन गरी आगामी बैठकमा छलफल गर्ने ।

ग) भुरुङ तातोपानी कुण्डमा जिआई पाइप र खानेपानी पाइप व्यवस्था गर्ने सम्बन्धमा प्राविधिकलाई लागत ईष्टिमेट गर्न लगाई सोही अनुसार गर्ने ।

घ) शिख मा.वि. को प्र.अ. उपर छानविन भई आएको प्रतिवेदन छलफल गरियो ।कानुनी विज्ञको परामर्श लिई आगामी बैठकमा पुन छलफल गर्ने ।

ङ) समृद्ध ग्रामिण नेपालको लागि शैक्षिक उन्नयन LEARN को च.न. ४, मिति २०८१।०४।०४ को पत्रानुसार सामुदायिक विद्यालय शिक्षालाई टेवा उद्देश्यले विगत बर्षहरुमा जस्तै आर्थिक बर्ष २०८१/८२ र आ.व. २०८२/८३ गरी दुई बर्षको लागि शिक्षा क्षेत्रमा "विद्यालय शिक्षा सहयोग कार्यक्रम" (School Education Support Programme SESP) परियोजना अन्तर्गत कार्यक्रमको विस्तृत विवरण सहित कुल बजेट रु ७१,८५,८७०.४ बराबरको कार्यक्रम सञ्चालन गर्न पूर्व स्वीकृती प्रदान गर्ने ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भरत कुमार पुन
अध्यक्ष